# प्रदीप गुरुङका कथामा चित्रित दाम्पत्य सङ्कटको विवेचना

- **राजीव विश्वकर्मा**

परिमल मित्र स्मृति महाविद्यालय।

**सार -** प्रदीप गुरुङ सामाजिक यथार्थलाई विषय बनाएर कथा लेख्ने प्रभावशाली कथाकार हुन्। उनका कथामा समाजमा घटित विसङ्गतिहरूको कडी समाउन सक्ने आलोचनात्मक सामाजिक यथार्थवादी प्रवृत्ति पाइन्छ। विविध सामाजिक समस्याजस्तै दाम्पत्य सङ्कटको चित्रण गरिएका उनका धेरै कथाहरू पाइन्छन्। यस कारण यस शोध पत्रमा ती कथामा चित्रित दाम्पत्य सङ्कटका विविध रूपको विवेचना गर्ने लक्ष्य राखिएको छ। दाम्पत्य सङ्कटका कारणहरू स्पष्ट पार्न सामाजिक, आर्थिक, नैतिक तथा मनोवैज्ञानिक समस्याका रूपमा सम्बन्धित विषयको अध्ययन गरिएको छ। ‘घरपैँचो’, ‘यथास्थिति’, ‘बदलिँदो रङ् मनको’, ‘विड्सगति : एउटा क्रमको’, ‘अनास्थाका पलहरू’, ‘बिरिमफूल’, ‘नि नि, लै लै निरमाया’, ‘भ्रमित’, ‘मिल्ने मन’, ‘लाशजस्तो इच्छा’, ‘गुम्फन’, ‘लावारिश उपहार’ जस्ता कथामा पारिवारिक जीवन र नाता सम्बन्धहरूमध्ये दाम्पत्य सङ्कटको चित्रणले के कस्तो दशा र दिशा निर्देश गरेको छ भन्ने कुरो स्पष्ट पार्न यससम्बन्धी विविध पक्षहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ।

**बीज शब्द** – प्रदीप गुरुङ, नेपाली कथा, दाम्पत्य सम्बन्ध, सामाजिक यथार्थवाद

## १ विषय प्रवेश

समाजका औपचारिक नियम र नीतिद्वारा दुई परिचित अथवा अपरिचित नारी-पुरुषलाई पति-पत्नीका रूपमा मान्य ठहराइने सामाजिक सम्बन्धलाई दाम्पत्य भनिन्छ। पति-पत्नी भन्नाले सामान्यतः दुई विपरीत लिङ्गी नारी-पुरुष भन्ने बुझिन्छ। **नेपाली बृहत् शब्दकोश**मा ‘पुरुष’ शब्दको अर्थ ‘लोग्ने मान्छे’, ‘विष्णु’, ‘अर्जुन’, ‘परमात्मा’, ‘वीर’, ‘आँटी’ तथा ‘भाले जातको प्राणी’ भन्ने लेखिएको छ भने ‘नारी’ शब्दका निम्ति ‘आइमाई’, ‘स्वास्नी मान्छे’, ‘महिला’, ‘पुतारी’ तथा ‘पोथी जातको प्राणी’ अर्थ दिइएको छ। ‘नारी’ शब्दलाई ‘कुनै पुरुषसित शारीरिक रूपले लसपस भई घरजम गरी

बसेकी आइमाई' भन्ने अर्थमा पनि लिइएको छ।[1] अतः खँदिलो शरीर, मोटो स्वर ध्वनि, जुँगा-दाह्री र क्रोमोजोमयुक्त तथा शुक्र कीट उत्पादन गर्ने क्षमता भएको व्यक्ति विशेषलाई पुरुषको प्राकृतिक स्वरूप मानिन्छ। यसका विपरीत कोमल शरीर र मधुर ध्वनि भएकी रजस्वलाजस्तो शारीरिक धर्म वहन गरेर गर्भ धारण गरी सन्तान जन्माउने तथा स्तनपान गराउन सक्ने प्राकृतिक स्वरूपलाई नारी मानिन्छ। नारी-पुरुषबिच रहेको जैविक भिन्नतालाई 'लिङ्ग' भनिएको छ जुन मूलतः प्राकृतिक अवधारणा हो। आफ्नो प्राकृतिक आवश्यकता र सामाजिक सरोकारको औचित्य पूर्ण गर्नका निम्ति नारी-पुरुष पारस्परिक सम्बन्धमा बाँधिन्छन् जसको वैधानिक विकल्प विवाह हो। विवाह नारी-पुरुषले जीवन निर्वाह गर्ने सम्बन्धहरूको अनुशासित व्यवस्था हो। यसै सम्बन्धको प्रक्रियाअन्तर्गत सामाजिक रीति रिवाज अनुसार दुई विपरीत लिङ्गीले दाम्पत्य जोडी भई सह जीवन यापन गर्ने कानुनी अधिकार प्राप्त गर्छन्।[2] यौनेच्छा मानिसका प्राकृतिक आवश्यकताहरूमध्ये एउटा हो जसको पूर्तिका निम्ति दाम्पत्य सम्बन्धलाई मात्र समाजद्वारा वैधानिक एवम् नैतिक मान्यता दिइएको छ। यस सम्बन्धबाट हुने प्रजनन क्रियाद्वारा नै मानवीय सृष्टिको निरन्तरता अक्षुण्ण रहेको छ। दाम्पत्य सम्बन्धबिनाको सन्तानलाई समाजले अवैध तथा अनैतिक मान्दछन्।[3] वस्तुतः समामाजिक एवम् व्यक्तिगत दुवै दृष्टिकोणअनुसार दाम्पत्य सम्बन्ध समाजको आधारभूत संरचना हो। सामाजिक र पारिवारिक संरचनामा पति-पत्नीको सम्बन्ध विच्छेद भएन भने तथा यिनीहरूको प्रजनन क्रिया सफल र जिउँदा रह्यो भने समाज निर्माणका भूमिकामा यस सम्बन्धलाई स्थायी र निरन्तरताका रूपमा हेरिन्छन्। अतः दाम्पत्य सम्बन्ध दुई विपरीत लिङ्गीबिचको सम्बन्ध विशेष हो जुन सामाजिक जीवनका निम्ति मात्र मूलाधार नभएर मानवीय र प्राकृतिक आवश्यकता पूर्ति गर्न सक्ने संस्था हो।

[1] कृष्णप्रसाद पराजुली (सम्पा), वि सं, २०६०, **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ ७९०, १३०८

[2] सिएन शङ्कर राव, ई सं २०१३, **सोसियलजी अव् इन्डियन सोसाइटी**, न्यु दिल्ली, एसचन्द एन्ड कम्पनी लिमिटेड, पृ १०१

[3] रेनुका तामाङ, ई सं २०१७, **सानु लामाका कथामा पारिवारिक जीवनको चित्रण**, अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय, पृ ३०

## २ दाम्पत्य सङ्कटका कारणहरू

'सङ्कट' शब्दलाई 'कष्ट, पीडा, दुख, आपत् तथा विपत्तिपूर्ण स्थिति' भनेर अर्थ्याइएको छ।[४] विज्ञानको अध्ययन अनुसार नारी र पुरुषका मस्तिष्कको बनावट भिन्न भिन्न किसिमले तयार भएका हुन्छन्। तर्क र अहम्द्वारा पुरुषको मस्तिष्क क्रियाशील रहन्छ भने नारीको मस्तिष्क भावना र चिन्तनद्वारा क्रियाशील रहेको थाहा पाइन्छ। मानिस प्राकृतिक रूपले झगडालु रहने हुँदा द्वन्द्व, सङ्घर्ष, प्रेम मानव जीवनका पयार्य हुन्। दाम्पत्य सम्बन्धमा सबैभन्दा धेर प्रेम, त्याग, अपेक्षा, सुख तथा दुखजस्ता भावनात्मक आवेगहरू हुन्छन् भने यस सम्बन्धमा द्वन्द्व तथा सङ्घर्ष पनि पाइन्छन्। प्रदीप गुरुङका कथामा चित्रित दाम्पत्य सङ्कटहरूको विश्लेषण निम्न प्रकार गर्न सकिन्छ –

### २.१ सामाजिक सङ्कट

दाम्पत्य सम्बन्धमा सङ्कट उत्पन्न हुने सामाजिक कारणहरूमा समाजमा रहेका कुरीति, कठोर अनुशासन, अनैतिक चाल चलन, परम्परागत नीति व्यवस्था, पुरुषप्रधान वा नारीप्रधान सामाजिक संरचना, बहुपत्नी विवाह, बहुपति विवाह, दाइजो प्रथा आदि प्रमुख रहेका छन्। 'मिल्ने मन' कथामा सुनमाया आफ्नो पति रणबहादुरलाई छाडी सन्तेसित घरजम गरी बसेकी छे। यी लोग्ने-स्वास्नी अलग हुनाको विशेष कारण कथामा नदेखिए तापनि रणबहादुरका विचारमा नारीहरू बगेको खोलाजस्तै भँगालो भेटेर छुटिने जात हुन्। 'बाख्रीलाई भीरमै घाँस जुर्छ' भन्दै आफ्नी स्वास्नीले दुख खोज्न बिना कारण उसलाई छाडेर गएको ठान्छ। कथामा सुनमायाको रणबहादुरसितको पूर्व अवस्था र सन्तेसितको वर्तमान अवस्था गरी दुईवटा दाम्पत्य सम्बन्ध रहेका पाइन्छन्। सन्तेको आँखा लाउने र स्वास्नी पिट्ने बानीले गर्दा सुनमायाको दोस्रोपल्टको दाम्पत्य जीवन पनि कष्टले बितेको छ। कथाका अन्त्यमा सुनमायाको विपत्ति हेर्न नसकेर रणबहादुरले आफ्नी स्वास्नी फर्काएर ल्याउँदा सन्तेसितको दाम्पत्य पुनः तोडिएको छ। नारीलाई हेर्ने रूढिवादी पुरुष मानसिकता, नारी शोषण तथा कुटपिटजस्ता घरेलु हिंसाका कारण सुनमायाको वैवाहिक जीवन सुखी र आनन्दित देखिँदैन। रणबहादुर भन्छ – "आइमाईको जात त काँध हाले पछि फेरि चोखी भइहाल्छे। दोस्रोपटक जुठी भए पनि पहिलाको

---

[४] हेमाङ्गराज अधिकारी (सम्पा), वि सं २०६१, **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ, विद्यार्थी प्रकाशन प्रा लि, पृ १५८

चोखो भाग त मैरै हो।"[५] कथामा बहु विवाह, जारी विवाह, फिरन्ती विवाहको चलन देखाइएको छ र यसले ल्याएका सङ्कटहरूको चित्रण छ। 'घरपैँचो', 'यथास्थिति' र 'लावारिश उपहार' कथामा 'मजुरधन', 'ऊ' पात्र र 'मंगतराम'ले पुरुष प्रधान अहम् भाव लिएर स्वास्नीप्रति हैकम, शोषण, कुटपिट तथा अत्यचार गर्नाले दाम्पत्य सम्बन्धमा सङ्कट आएको देखिन्छ। 'घरपैँचो'मा मजुरधनले भारमा सुकाएको मासु कुकुरले खाइदिँदा स्वास्नीलाई दुर्व्यवहार गरी नाना प्रकारका अपजस लगाएर घरमा रडाको मचाउँछ। यसमा घरेलु हिंसा र नारी उत्पीडनको स्वरूप देखिन्छ। 'यथास्थिति'मा 'ऊ' पात्र प्रत्येक दिन भट्टीपसलकी आइमाईसित लट्ठिएर रक्सीले चूर भई स्वास्नीलाई कुटपिट गरी मध्यरातमा घरबाट निकाल्छ। यसमा परस्त्री गमन र नारी उत्पीडनको सङ्कट देखिन्छ। 'लावारिश उपहार'मा मुनरी र मंगतरामको दाम्पत्य जीवनमा सन्तान सुखको अभाव देखिन्छ। विज्ञानको धारणाअनुसार पुरुषमा कम शुक्राणु उत्पादन क्षमता र नारीमा डिम्ब स्खलन समस्याले प्रजनन समस्या हुने बुझिन्छ। कथामा सामाजिक रूढिगत मान्यता रहेको हुँदा यी दाम्पत्यको सन्तान हुन नसक्दा मुनरीलाई मात्र बाँझोपनको दोष लागेको छ। उसले समाज र लोग्नेबाट उपेक्षा, तिरस्कार तथा प्रताडन सहनु परेकी छ। 'लावारिश उपहार' कथामा बिहारकी मधेसी ठिटीलाई दाइजोको लोभ देखाएर डुमडुमसित विवाह गरिदिइएको छ। विवाह हुन अघि फोटोमा सुन्दर केटीको तस्बिर देखाएर विवाह चाहिँ आफूभन्दा अधिक उमेरकी कुरूप केटीसित जबरजस्ती गरिदिएको हुँदा डुमडुमको दाम्पत्य सम्बन्धमा सङ्कट आएको छ। विवाह हुन नसकेका छोरी चेलीहरू दाइजोको लोभ देखाएर बिक्री गर्ने कुप्रथालाई कथाले व्यङ्ग्य गरेको छ। यसरी कतिपय समाजमा विवाहजस्तो पवित्र बन्धनमा भावनात्मक मेल नरहेर वस्तु सरह मोलतोल हुने परम्पराले गर्दा पनि दाम्पत्य सम्बन्धमा सङ्कट उत्पन्न भएको पाइन्छ। 'गुम्फन' कथामा छोरीका उमेरकी युवतीलाई विवाह गरेर दाम्पत्य जीवनमा सङ्कट आएको छ। हेमिना र कप्तान साहेबमाझ उमेरको असमानताले विचार र रुचिहरूमा पनि भिन्नता रहेको हुँदा यिनीहरूबिच लोग्ने स्वास्नीको औपचारिकता मात्र रहेको देखिन्छ। प्रस्तुत कथाले अन्धविश्वास र कुसंस्कारले जकडिएको परम्परागत समाजको मानसिकता दर्शाएको छ। समाजमा आफ्नो वर्चस्व बनाइराख्ने विलासी स्वभावका कारण कतिपय लोग्ने मानिसहरू एकभन्दा अधिक विवाह गर्छन् अथवा बहु विवाहद्वारा हुने समस्याबारे कथाले प्रकाश पारेको छ। बाबु समान उमेरको मानिससित विवाह गर्ने कतिपय नारी जातिको लोभी र देखावटी प्रवृत्तिलाई पनि कथाले

[५] प्रदीप गुरुङ, ई सं २०१६, 'मिल्ने मन', **वैरी माया**, गोरुबथान, नव युग नेपाली पुस्तक मन्दिर प्रकाशन, पृ ९१

औंल्याएको छ। बहु विवाह, जारी विवाह, अमेल विवाह, परपुरुष गमन, परस्त्री गमन, घरेलु हिंसा, नारी उत्पीडन आदि कारणले दाम्पत्य जीवनमा सङ्कट आएको छ।

## २.२ आर्थिक सङ्कट

यो अर्थ तथा धनसम्पत्तिसित सम्बन्ध राख्ने विषय हो। सामान्यतः परिवारमा लोग्ने स्वास्नीको आपसी तालमेलद्वारा घरेलु जीवन धान्नका निम्ति तथा छोराछोरीको पालन पोषण, शिक्षादीक्षा साथै दैनिक जीवनका विभिन्न चाँजोपाँजो मिलाउन उचित आर्थिक व्यवस्थाको निर्धारण गरिएको हुन्छ। अतः आर्थिक अभाव र अपुगले गर्दा पनि कतिपय दाम्पत्य सम्बन्धमा आइपरेका दुख, कष्ट र सङ्घर्ष अधिक सहन गर्न नसक्दा दाम्पत्य जीवनमा तिक्तता रहेको पाइन्छ। 'भ्रमित' निम्न वर्गीय दाम्पत्य परिवारको कथा हो। किस्ने कान्छाले ब्रोइलर कुखुरा काटेर जीविका चलाएको उसकी स्वास्नी फूलमायालाई मन पर्दैन। ऊ सुकिलो हुन खोज्छे। बिहान सधैँ मन्दिरमा पूजा गर्ने भक्तिनी भइदिन्छे। लोग्ने समीप आउँदा  फूलमाया घिनाउँछे। परिवारको जीविका चलाउन लोग्नेले चुनेको पेसा अथवा कुनै पनि कामप्रति हेय दृष्टि राख्नु अनि दाम्पत्य सम्बन्धमा लोग्ने अथवा स्वास्नी कसैले पनि आफू विशिष्ट हूँ भन्ने भाव उत्पन्न हुँदा सम्बन्धमा स्वतः दूरी तथा सङ्कट उत्पन्न हुने गर्दछ। प्रस्तुत कथामा फूलमायाको अवस्था यही भएको छ। 'लावारिश उपहार' कथाका मुनरी र मंगतराम फोहोर मैला आदिका थुप्राबाट टिन, फलाम, प्लास्टिक उठाउने कबाडीको काम गर्छन्। आर्थिक अभावका कारण यिनीहरूको जीवन कष्टपूर्ण बितिरहेका देखिन्छ। सन्तान प्राप्तिको चाहना यी दुवैमा उत्कट रहेको देखिए पनि बच्चा हुने हजार रुपियाँको औषधि किनेर खाने स्वास्नीको इच्छालाई लोग्नेले विरोध गर्दा लोग्ने स्वास्नीमा कलह उत्पन्न भएको छ। आफू बराबर काम गरेर कमाउन नसक्दा मंगतरामले स्वास्नीलाई कुटपिट गर्नु, अधिक खटाउनु, दिनभरिमा मालसमान उठाउने ठेका तोकिदिनु तथा मानसिक अत्यचार आदि घटना पुरुषीय अहम् भावनाले जन्माएको नारी शोषण हो। यसबाट यिनीहरूको दाम्पत्य सम्बन्धमा तनाउ रहिआएको देखिन्छ। 'मिल्ने मन' कथामा सुनमायाले दुवैजना लोग्नेबाट आर्थिक दुर्बलताका कारण कहिले पुगीसरी खान र लाउन पाइन। सडक मरम्मतीको काममा आफू पनि सँग सँगै श्रमिक भएर खट्दा पनि लोग्नेबाट जस नपाउने, साना साना कुरामा अपजस थापी आँखा लगाएर कुटपिट गर्ने जस्ता अत्यचारबाट मुक्ति पाउन र सुख पाउने लोभमा उसले बहु पुरुषसित बिहे गरेकी छ। वास्तवमा आर्थिक अभावका कारण यी दम्पतीले एकाअर्काका आवश्यकताहरू पूर्ति गर्न नसक्दा तथा जीवनमा कहिल्यै सुखको अवसर प्राप्त हुन

नसक्दा दाम्पत्य सम्बन्धमा निराशा र वितृष्णा अनुभव गरेका छन् र यिनीहरूमा 'जीवन कष्टपूर्ण छ' भन्ने धारणा पाइन्छ।

## २.३ नैतिक सङ्कट

समाजले उपयुक्त मानेका आचारसम्बन्धी कुरा मानिसका नैतिक गुणमध्ये पर्दछन्। दाम्पत्य सम्बन्धमा नैतिक पतनका कारण एकाअर्काप्रति विकर्षण र विघटन हुने सम्भावना अधिक रहन्छ। 'भ्रमित' कथामा अनैतिक चरित्रका कारण दाम्पत्य सम्बन्धमा सङ्कट आइपरेको छ। विपरीत लिङ्गी आकर्षण र विकर्षणका कारण लोग्ने स्वास्नीमा दूरी निर्माण भएको छ। पुजारीप्रति फूलमाया र निशी दिदी अनि निशी दिदीप्रति किस्ने कान्छा आकर्षित हुनु कथामा देखिने विविध विकृत कोणहरू हुन्। दुर्बल चरित्र भएको किस्ने कान्छाले निशी दिदीप्रति यौन सम्पर्कको इच्छा राख्नाले दाम्पत्य सङ्कट उब्जेको छ। 'विसंगति : एउटा क्रमको' कथामा विजय मेगी बिरामी स्वास्नीको बेवास्ता गरी पराई नारी प्रेमासित रासलीला गर्छ भने प्रेमाले पनि ब्रुनइमा कार्यरत पतिको अनुपस्थितिमा यस्तै काम गरेकी छ। छोरा छोरीको विवाह गर्ने उमेरमा बैँसले मात्तिएर उच्छृङ्खला गरिहिँड्ने यी पात्रका व्यवहारबाट आफ्ना लगायत अन्यका दाम्पत्य सम्बन्धमा समेत सङ्कट उत्पन्न गराएका छन्। 'अनास्थाका पलहरू' कथामा बिमलको विभिन्न युवतीहरूसित अनैतिक सम्बन्ध रहेका कारण दाम्पत्य सम्बन्धमा दूरी र अविश्वास उत्पन्न भएको देखिन्छ। लोग्ने स्वास्नीबिच रहेको अविश्वास र अनबनले दाम्पत्य सम्बन्धले विघटनको रूप लिएको छ। लोग्नेदेखि अलग भएकी मीनाले पनि चन्दना मजुमदारको सङ्गतमा परेर वेश्या वृत्ति अँगाल्छे। होटलको कोठामा अपरिचित ग्राहकका रूपमा लोग्ने स्वास्नी भेट गराएर कथाले यिनीहरूलाई किङ्कर्तव्यविमूढ अवस्थामा पुऱ्याएर एकाअर्काप्रति पश्चात्ताप र लज्जित बनाएका छन् भने पाठकलाई दाम्पत्य सङ्कटको पराकाष्ठा देखाउन सफल भएको छ। 'बिरिमफूल' कथाकी बिरिमफूल आफ्नो लोग्ने सन्तेबाट प्राप्त हुन नसकेको यौन सन्तुष्टि सोमराबाट प्राप्त गर्छे। उसका निम्ति लोग्नेको विश्वास, पत्नी धर्म र मर्यादाभन्दा ठुलो शारीरिक सुख भएको देखिन्छ। लोग्नेको कमजोर मनोबल र स्वास्नीको कमजोर चरित्रको कारण यहाँ दाम्पत्य सङ्कट उत्पन्न भएको देखिन्छ। 'नि नि लै लै निरमाया' कथामा निरमायासित जोडिएको सन्तेको दोस्रोपल्टको दाम्पत्य सम्बन्ध पनि सफल हुन सकेको छैन। निरमायाको माओवादी नाइके काजीमानसित अनैतिक सम्बन्ध रहेको हुँदा आफ्नो लोग्नेसित भावनात्मक सम्बन्ध नरहेर औपचारिकता मात्र रहेको देखिन्छ। आफ्नो दुर्बलता बुझेर पनि निरमाया आफ्नो

मनलाई काबु गर्न असमर्थ छे। कथामा एक ठाउँ ऊ यसरी बोल्छे – "थुक्क यो लुलो मन! लाबरजस्तो तन्किने। जङ्गली जनवारजस्तो रूप भएको काजीमानसँग यो मन किन लाबरजस्तो तन्किदै गएको ?" [६]

## २.४ मनोवैज्ञानिक सङ्कट

दाम्पत्य सम्बन्धमा एकाअर्काप्रति मानसिक सुख र सन्तोष रहनु अति आवश्यक मानिन्छ। परस्पर प्रेम, सहानुभूति र सद्भावजस्ता भावनात्मक होस् अथवा शारीरिक सन्तुष्टिजस्ता जैविक सहवासको सम्बन्ध होस् दुवै सफल दाम्पत्य जीवनका कडी सफल हुन्। दाम्पत्य जीवनमा जैविक सहवासको सम्बन्ध कुनै कारणवश अपूर्ण रहँदा पनि सम्बन्धमा विघटन हुने सम्भावना रहन्छ। यसैले दाम्पत्य सम्बन्धमा मनोवैज्ञानिक प्रकार्यलाई पनि अन्य प्रकार्यझैँ महत्त्वपूर्ण मानिन्छ। 'बिरिमफूल' कथामा बिरिमफूल र सन्तेमाझ दाम्पत्य सङ्कट उत्पन्न हुनाको मूल कारण बिरिमफूलको मनमा दबिएर बसेको यौनेच्छा हो। उसले सन्तेले दिन नसकेको यौन सुखको विकल्प सोमरालाई रोजेकी छ। सन्तान सुखको लोभ र शारीरिक भोक तृप्तिका लोभले बिरिमफूलको अन्तः तहमा कुण्ठा भई बसेको इच्छा 'कसले दन्त देखायो, कसले अन्त बुझ्यो' भने जस्तै बिरिमफूलले रूप, रङ्, धर्म केही नहेरी सोमराको बलिष्ठ शरीरप्रति समर्पित भइदिन्छे। सन्तेको आत्मविश्वास ढलिसकेको छ। आफ्नी स्वास्नी र सन्तेमाझ अनैतिक सम्बन्ध देखेर पनि कुनै विरोध नगरी बसाइँ सर्नु जस्ता घटनाले उसको कमजोर र हुतीहारा चरित्रलाई दर्शाउँछ। अतः बिरिमफूल र सन्तेमाझको दाम्पत्य सम्बन्धमा सङ्कट उत्पन्न हुनामा सोमरा लगायत यी तीनजना पात्रहरूको विकृत मनोवैज्ञानिक कारणलाई इङ्गित गरेको छ। 'लाशजस्तो इच्छा' कथामा डुमडुमले स्वास्नीबाट प्राप्त हुन नसकेको नैसर्गिक सुख निष्प्राण सुतिरहेकी युवतीको मृत शरीरबाट प्राप्त गर्ने चाहना राखेको घटनाले बुझाउँछ। उसको अन्तः तहमा नारी सुन्दरताको बिम्ब निशा रानीका रूपमा बाल्यकालदेखि नै बसिसकेको हुँदा आफ्नी स्वास्नी उसलाई कुरूप लाग्छ। पोस्टमार्टमका लागि ल्याइएको युवतीको शरीरप्रति कामुक हुनु, ओठमा चुम्बन गर्नु, सिन्दूर लगाइदिनु, निशी नाम दिएर म तिमीलाई माया गर्छु भन्नु दाम्पत्य सम्बन्धका असन्तुष्टिले जन्माएका डुमडुमको असन्तुलित मानसिकताका विकारहरू हुन्। अतः सम्पूर्ण कथाको सार डुमडुमको मनोविज्ञानमा अडिएको हुँदा उसको अतृप्त यौनेच्छा र विकृत मानसिकताका कारण स्वास्नीसित सम्बन्ध विच्छेद गरी पलायन हुन्छ। 'गुम्फन' कथाले विश्वेश्वरप्रसाद कोइरालाको

---

[६] प्रदीप गुरुङ, ई सं २००७, 'नि नि लै लै निरमाया', **बिरिमफूल**, गोरुबथान, कथार्थ प्रकाशन, पृ १०५

'कर्नेलको घोडा' कथाको सम्झना गराउँछ। कर्नेलनीले आफ्नो दाम्पत्य जीवनको असन्तुष्टि घोडासितको संसर्गबाट प्राप्त गरे झैँ यस कथामा पनि हेमिना बुढो लोग्नेबाट प्राप्त हुन नसकेका यौनेच्छा कुकुरबाट प्राप्त गरेर तृप्त हुने गर्छे। यहाँ उमेरको असमानता रहेको हुँदा दाम्पत्य सम्बन्धमा सङ्कट उत्पन्न हुनु स्वाभाविक देखिन्छ। कथामा एक ठाउँ लेखिएको छ – 'बुढो लोग्नेलाई छोडेर तन्देरी कुकुरको मुख चाट्ने।'[७]

## ३ निष्कर्ष

प्रस्तुत शोध पत्रमा प्रदीप गुरुङका कथामा पाइने दाम्पत्य सङ्कटबारे सामाजिक, आर्थिक, नैतिक तथा मनोवैज्ञानिक दृष्टिकोणबाट अध्ययन गरिएको छ। प्रस्तुत बाह्रवटा कथामा दाम्पत्य सम्बन्धमा आइपरेका विविध समस्या तथा सङ्कटहरूको सूक्ष्म चित्रण गरिएको छ। कथाहरू बाह्य र आन्तरिक दुवै परिवेशमा चित्रित छन्। पात्र-पात्राहरूको मानसिकतामा आएका मनोवैज्ञानिक परिवर्तनले प्रेम, ईर्ष्या, घृणा तथा काम भावजस्ता आवेग र संवेगहरू देख्न पाइन्छ। कुनै पनि वस्तुप्रति मानिसको नकारात्मक तथा सकारात्मक धारणाले उसका सम्पूर्ण चिन्तन प्रक्रियामा पार्ने प्रभावको परिणाम कथामा चित्रित छन्। पात्रहरू यौन सन्तुष्टिका लागि आफ्नो दाम्पत्य सम्बन्धमा वितृष्णा जगाई अन्यप्रति आकर्षित भएको पाइन्छ। उनीहरूले सामाजिक मर्यादा र नैतिकता बिर्सन खोजेका छन्। यौनावेगमा पात्रहरूले इज्जत, मर्यादा, प्रतिष्ठा भुलेका छन्। अन्धविश्वास र रूढिवादी सामाजिक कुसंस्कारबाट नारीहरू पीडित र शोषित भएका घटनाहरू छन्। समग्रमा मानवीय नैतिक चरित्र पतनप्रति कथाकारले खबरदारी गरेको पाइन्छ। मानवीय समाजमा दाम्पत्य वैवाहिक सम्बन्धको पहिलो नैतिक र अनुशासित आधार रहेको कारण यसका सङ्कटले सामाजिक संरचनाको निरन्तरतामा रोकावट आउने हुँदा दाम्पत्य सम्बन्धलाई वैयक्तिक र नैतिक उत्तरदायित्व मानेर नारी-पुरुषको सम्बन्धमा अनुकूलता बनाइराख्ने आत्मचिन्तन गराएका छन्।

[७] प्रदीप गुरुङ, ई सं २०१६,' गुम्फन', **वैरी माया**, गोरुबथान, नव युग नेपाली पुस्तक मन्दिर प्रकाशन, पृ १२१